**मिति २०८०/५/१० गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान सम्बन्धमा ।

२. प्रधानमन्त्री रोजगार तर्फको कार्यक्रम सम्बन्धमा ।

३. चालु आ.व.का योजना कार्यान्वियन सम्बन्धमा ।

४. शितगंगा मिनरलर्स प्रा.लि. भुन्टेडाँडा केसर राजश्व रकम, अनुमती खानेज र सिफारिस सम्बन्धमा ।

५. तलवी प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

६. पाईप खरिद गर्ने सम्बन्धमा ।

७. सडक हेरालुको म्याद थप सम्बन्धमा ।

८. प्राथमिक स्वास्थ्य केन्द्र ठाडाको भवनमा पानी चुहेको व्यवस्थापन सम्बन्धमा ।

९. सार्वजनिक सुनुवाई/समिक्षा बैठक सम्बन्धमा ।

१०.दहको माछापालन कार्यको समयावधि थप सम्बन्धमा ।

११. शिक्षक तारापती क्षेत्रीको काज सरुवा सम्बन्धमा ।

१२. हुइलचेयर दिने सम्बन्धमा ।

१३. तिजको कार्यक्रम सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम आवश्यक प्रकृया पुऱ्याई सोही कार्यविधिको परिच्छेद तीन बमोजिमको मुल्याङ्कन समितिबाट समेत सिफारिस भई कार्यपालिका समक्ष पेश हुन आएका तपशिल अनुसारका फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

*तपशिल*

(क) संचालक शितगंगा नगरपालिका वडा नं. ८ निवासी श्री गिर बहादुर दर्लामी रहेको **दर्लामदेवी कन्स्ट्रक्सन शितगंगा नगरपालिका वडा नं. ८ अ.खाँ.** नामक "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने ।

(ख) संचालक शितगंगा नगरपालिका वडा नं. ९ निवासी श्री केशव सारु रहेको **कृयाशिल निर्माण सेवा शितगंगा नगरपालिका वडा नं. ९ अ.खाँ.**नामक "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने ।

(ग) संचालक गढवा गाउँपालिका वडा नं १ दाङ निवासी श्री मान बहादुर गिरी रहेको **नवयात्रा कन्स्ट्रक्सन शितगंगा नगरपालिका वडा नं. ९ अ.खाँ.** नामक "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने ।

(घ) संचालक शितगंगा नगरपालिका वडा नं. ९ निवासी श्री ओमकला खत्री क्षेत्री रहेको **शुभलक्ष्मी निर्माण सेवा शितगंगा नगरपालिका वडा नं. ९ अ.खाँ.** नामक "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने

प्रमुख प्रशासकीय अधिकृत

। (ट्याक्टर श्रीमानको नाममा भई श्रीमतीको फर्मको लागि प्रयोग गर्ने गरी मन्जुरनामा भएकोमा श्रीमान, श्रीमती मा कुनै फरक नपर्ने भएकोले दिने)

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार तथा युवा रोजगारी कार्यक्रम तर्फ चालु आ.व.को लागि प्रधानमन्त्री रोजगार तर्फ रु २८८००००।- र युवा रोजगारी तर्फ रु २५०३०००।- वजेट विनियोजन भई आएको अवस्था छ । चालु आ.व.को लागि उक्त दुवै कार्यक्रम तर्फ जम्मा १३६५ जना वेरोजगार व्यक्तिहरु सूचिकृत भएका छन् । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. १५ मिति २०८०/४/१२ गतेको वजेट तथा कार्यक्रम कार्यान्वयन मार्ग दर्शन बमोजिम युवा रोजगारी तर्फको कार्यक्रमबाट ५० दिन कार्य स्थलमा आधारित शिप विकास र जीवन उपयोगी तालिम संचालन गर्नु पर्ने गरी पत्राचार भएको छ । हाल लाई प्रधानमन्त्री रोजगार कार्यक्रमको वजेटबाट तपशिल बमोजिम वडाबाट प्राप्त योजनाहरुमा सुचिकृत वेरोजगार व्यक्तिहरुको प्राथमिकीकरण अनुसार काममा लगाउने निर्णय गरियो । साथै प्रधानमन्त्री रोजगार तर्फ ४३ जनालाई १०० दिन रोजगार दिन सकिने भएकोले निम्न वडामा वडा प्राथमिकीकरणको आधारमा तपशिल बमोजिमको संख्यामा वेरोजगार व्यक्तिहरुलाई १०० दिन नगरसभाबाट स्वीकृत योजनाहरुमा काममा लगाई रोजगारी प्रदान गर्ने निर्णय गरियो ।

**तपशिल**

वडा नं. १ मा ५ जना　वडा नं. २ मा ४ जना　वडा नं. ३ मा ४ जना　वडा नं. ४ मा ५ जना
वडा नं. ५ मा १ जना　वडा नं. ६ मा २ जना　वडा नं. ७ मा २ जना　वडा नं. ८ मा १ जना
वडा नं. ९ मा ५ जना　वडा नं. १० मा ४ जना　वडा नं. ११ मा ४ जना　वडा नं. १२ मा २ जना
वडा नं. १३ मा २ जना　वडा नं. १४ मा २ जना गरी　जम्मा ४३ जना

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व.२०८०/०८१ का योजनाहरु कार्यान्वयनका सन्दर्भमा गत विगतमा जस्तै रु १० लाख सम्मका योजनाहरु समिति मार्फत र सो भन्दा माथिका योजनाहरु ठेक्का पट्टाको माध्यमबाट कार्यान्वयन गर्ने । तर रु १० लाख भन्दा बढी रकम विनियोजन भएको तपशिल बमोजिमको योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

***तपशिल***

१. मुल बाटो लगायत विभिन्न मो.वा. निर्माण मर्मत सुधार तथा स्तरोन्नती रु १६ लाख शिनपा १

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा उक्त प्रस्तावका सन्दर्भमा आगामी बैठकमा थप छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यालयमा घरेलु विकास समिति र स्थानीय निकायबाट समायोजन भई आएका स्थायी कर्मचारीहरुको पेश भएको तलबी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व.को लागि नगरपालिका तर्फ विभिन्न सिंचाई योजना निर्माण तथा मर्मत शिर्षकमा रहेको रकमबाट तत्काल विभिन्न योजना सिंचाईको लागि रु ५ लाखको विभिन्न साईजको पाईप खरिद गरि वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०८०/३/१३ को कार्यपालिकाबाट विभिन्न सडक संरक्षणको लागि सडक हेरालु राख्ने निर्णय भई सोही बमोजिम कार्य हुदै आएकोमा अझै वर्षायाम कायमै रहेकोले उक्त हेरालु हरुको म्याद श्रावण १५ सम्म रहेकोमा एक महिना म्याद थप गरी काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र ठाडाको पुरानो भवन जिर्णभई हालैको वर्षादमा छतबाट पानी चुहिएर विरामी राख्ने कोठाहरुमा पानी डुवान भएकोले उक्त पानी चुहिने कार्य रोकथाम कुन विधिबाट गर्न सकिन्छ प्राविधिक कर्मचारी खटाई आगामी बैठकमा रोकथामको उपाय पेश गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा गत आ.व.को वार्षिक प्रगती समिक्षा गोष्ठी र पहिलो सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८०/५/१९ गते शितगंगा नगरपालिकामा आयोजना गर्ने साथै सोही दिन १० वजे कार्यपालिका बैठक वस्ने र १ वजे देखि समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं ३ ठाडाको डमरु दहमा ३ वर्ष पहिले ३ वर्षको ठेक्का व्यवस्थापन भएकोमा कोरोना लगायतको कारण हालेको माछा निकाल्न नसकिएको हुँदा एक वर्षको म्याद थप माग भई आएकोमा उक्त कार्यकोको म्याद मिति २०८० असोज मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. २ निवासी तारापती क्षेत्री हालैको शिक्षा सेवा आयोगबाट स्थायी भई शिनपा २ शान्ती आ.वि.मा पदस्थापन भएको तर म पूर्ण दृष्टी विहिन अपाङ्ग भएको र उक्त विद्यालय जान विद्यालय मेरो घरदेखी केही टाढा अपायक भएकोले दैनिक अरुको सहारा लिनु पर्दा निकै कठिनाई भएकोले शिनपा २ कै मेरो घर नजिक रहेको सरस्वती मा.वि.मा काज वा दरवन्दी मिलान

गरी दिने भन्ने समेतको व्यहोरा खोलि प्रा.वि शिक्षक तारापती क्षेत्रीले निवेदन दिएको सन्दर्भमा आजको बैठकमा छलफल भयो । निज पूर्ण दृष्टी विहिन अपाङ्ग भएको र विद्यालय जान आउन अरुको सहारा लिनु पर्ने बाध्यता समेत रहेको हुँदा हाल लाई नगरपालिकाले निजको लागि मात्र विशेष निर्णय गर्दै शिनपा २ को सरस्वती मा.वि. सितापुरमा काज सरुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. २ वडा कार्यालयको सिफारिस बमोजिम बसन्त बहादुर क्षेत्रीको छोरा शिवलाल क्षेत्री मिति २०७९/७/१८ मा गाडी दुर्घटनामा परी मेरुदण्ड नचल्ने अवस्थामा रहेकोले १ थान हुविल चेयर उपलब्ध गराई दिन भनि लेखि आएकोले निजलाई विपद कोषमा रहेको रकमबाट एक थान हुविल चेयर खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा नेपाली नारीहरुको महान चार्ड तिजको उपलक्ष्यमा उपयुक्त समय मिलाई नगरपालिकाले सवै वडाहरुबाट एक/एक समूह सहभागि हुने गरी तिजगित प्रतियोगिता संचालन गर्ने र सो कार्यकमको खर्च प्रस्ताव बनाई आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।